# Bulletin

society for humanism (SOCH) nepal
सोच नेपाल

SOCH Nepal

FOR THE DIGNITY & HAPPINESS

A Publication of Society for Humanism (SOCH) Nepal, Issue 30, Jan-Mar 2021



# शुसासन, पारदर्शिता र जवाफदेहिताका लागि नागरिक सहभागिता अपरिहार्य

बुढानीलकण्ठ नगरपालिकामा स्थानिय सरकारमा नागरिक संलग्नताको असल अभ्यास र सिकाइ विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ ।

FHI/USAID को सहयोगमा सोच नेपाल द्वारा संचालित पारस्पारिक जवाफदेहिता: स्थानिय अभियान अन्तर्गत बुढानीलकण्ठ नगर पालिका संगको सहकार्यमा भएको कार्यक्रममा बुढानिलकण्ठ नगरपालिकामा नागरिक संलग्नताको क्षेत्रमा भएका राम्रा अभ्यास, चुनौती र सिकाईको बारेमा अध्ययन गरी नगर कार्यपालिका, स्थानिय संघ संस्था, लगायतको सहभागितामा भएको कार्यक्रममा कार्यपत्र प्रस्तुत गरिएको थियो । नगरपालिकाले अर्थपुर्ण नागरिक संलग्नताको साझा लक्ष्य हासिल गर्न नागरिक समाज र नागरिक समाज संस्थासंग अबका दिनमा सहकार्य गर्नसक्ने क्षेत्रहरुमा अध्ययन केन्द्रित रहेको थियो ।




कार्यपत्र प्रस्तुत पश्चात कार्यपत्रमा छलफल गर्दै सहभागिहरुले सुझाब, प्रतिक्रिया प्रदान गरेका थिए । छलफल पश्चात नागरिक समाज संस्था र नगरपालिकाले गर्ने कार्यक्रमहरुमा समन्वय तथा सहकार्य गर्नुपर्ने, कार्यक्रमहरुको नियमित अनुगमन गर्नुपर्ने, त्रैमासिक समिक्षा हुनुपर्ने निष्कर्ष निकालिएको थियो ।

कार्यक्रममा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि सुदर्शन दाहालले भ्रष्टाचार, अपारदर्शिता, कमजोर शासन प्रक्रिया लाई सुधार गर्न नागरिक सहभागिता आवश्यक रहेको बताउनु भयो । मन्त्रालयले हरेक प्रदेशमा नागरिक समाजका असल अभ्यास आदान प्रदानको अभ्यास थालनी गरेको जानकारी दिनु भयो । नागरिक सहभागिताले नागरिक समाजको सबलीकरण भन्दापनि नागरिकको सवलिकरणमा काम गर्न आवश्यक रहेको बताउनु भयो ।

नगर प्रमुख उद्धब खरेलले नगरका हरेक गतिविधिमा सिमित व्यक्तिको नियमित सहभागिताले सार्थक नागरिक सहभागिता सुनिश्चित गर्न नसकिएको बताउनु भयो । भ्रष्टाचार नियन्त्रण, शुसासन प्रबर्धन, जवाफदेहिता अभिबृद्धिका लागि स्थानिय सरकारको हरेक क्षेत्रमा नागरिक आवाज र सहभागिता आवश्यक रहेको र नागरिक समाज संस्थाले गरेका कामको त्रैमासिक समिक्षाको अभ्यासको थालनी गर्ने बताउनु भयो ।

यस कार्यक्रमका लागि बुढानीलकण्ठ नगरपालिकामा नागरिक सहभागिताको क्षेत्रमा भएका अभ्यास तथा चुनौति सम्बन्धमा अध्ययन गरि प्रतिबेदन तयार गरिएको थियो । उक्त अध्ययनका क्रममा नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, संघ संस्था समन्वय समिति, संघ संस्था समन्वय शाखा, नागरिक संघ संस्थाका प्रतिनिधि लगायत सग अध्ययनको विषयबस्तुमा समुह तथा व्यक्तिगत छलफल गरिएको थियो ।

उक्त अध्ययनले स्थानिय सरकारले अर्थपुर्ण नागरिक सहभागिताका लागि नीतगित कार्यदिशा अबलम्बन गर्नुपर्ने, स्थानिय तहको अनुगमन तथा मुल्यांकनका क्षेत्रमा नागरिक सहभागिता सुनिश्चीत गर्न सके स्थानिय सरकारको जवाफदेहिता अभिबृद्धि गर्न सकिने निष्कर्ष निकालिएको थियो ।

नगरपालिका भित्र काम गरिरहेको नागरिक समाज संस्थाहरुको पार्श्वचित्र निर्माण गरि सहकार्यका क्षेत्र पहिचान गर्दै सहकार्यका क्षेत्रहरुमा परिचालन गर्नुपर्ने अध्ययनले देखाएको थियो ।

नागरिक समाज संस्थाले गरेका कामको स्थानिय सरकारले अनुगमन तथा मुल्यांकन गरि हरेक त्रैमासिक रुपमा समिक्षा गर्नुपर्ने आवश्यकता प्रतिबेदनले औल्याएको थियो ।

१९ मार्च २०२१ मा भएको कार्यक्रममा जनप्रतिनिधि, नागरिक समाज कर्मचारी सहित ४२ जनाको सहभागिता रहेको थियो ।

# बुढानीलकण्ठ नगरपालिकामा लैससास नीतिको मस्यौदामा छलफल तथा हस्तान्तरण

सोच नेपालले, ओरेक नेपाल तथा महिला एकता समाज संगको सहकार्यमा तयार भएको बुढानीलकण्ठ नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिको अन्तिम मस्यौदामा बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका संग छलफल गरी हस्तान्तरण गरेको छ ।

एफएचआई ३६० र युएसएडको सहयोगमा सोच नेपालले संचलान गरेको पारस्परिक जवाफदेहिता : स्थानिय अभियान अन्तर्गत वूढानीलकण्ठ सम्वाद फोरम (साझेदारी मञ्च) बैठकमा उक्त नीतिमा छलफल गरी हस्तान्तरण गरिएको हो ।





२५ जनवरी २०२१ मा भएको कार्यक्रममा नगर कार्यपालिकाका साथै न्यायिक समिति, सामाजिक विकास शाखा, मानव अधिकार, महिला बालबालिका तथा सामाजिक न्यायको क्षेत्रमा क्रियाशिल नागरिक समाज संस्थाका पदाधिकारी सहित ३० जनाको भहभागिता रहेको थियो ।

लक्ष्मी अर्यालको सहजिकरणमा भएको छलफल कार्यक्रममा सहभागिहरुले नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेसिकरण नीतिको मस्यौदामा छलफल गर्दै संस्थागत मुल प्रबाहिकरणका लागि नगरपालिकाले अवलम्बन गर्नुपर्ने रणनीतिहरुमा आफ्ना राय सुझाब संकलन गरिएको थियो ।

लैंगिक समानता तथा सामाजिक समाबेशिकरण प्रबर्धन गर्न नगरपालिकाबाट तय हुने कार्यक्रमहरु लैससास लक्षित गरि तयार गरिने र लैससास समिति निर्माण गरि कार्यक्रमहरुलाई अनुगमन गर्न नीतिले जोड दिएको छ ।

नगर उपप्रमुख रमादेवी राइले जेसि नितिको प्राप्त मस्यौदामा नगरको बिधायन समितिमा थप छलफल तथा परिमार्जन गरी आगामि नगरसभाबाट पारित गरिने बताउनु भयो । साथै नगरपालिकामा बन्ने बिभिन्न समितिहरुलाई लैससास मैत्री बनाउनु पर्नेमा सहभागिहरुले सुझाब दिएका थिए ।

# सामुदायिक अंकपत्र पश्चात विद्यालय सुधारका लागि कार्ययोजना निर्माण

गोरखा नगरपालिका ८ आहालेमा रहेको सरस्वती माध्यामिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कार्ययोजना तयार गरिएको छ । पारस्पारिक जवाफदेहिता : स्थानीय अभियानले विद्यालयमा आयोजना गरेको समुदाय अंक पत्र अन्तरगत बुधबार आमने सामने बैठक मार्फत सुधार योजना निर्माण गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विशेश्वर कट्टेलको अध्यक्षतामा भएको कार्यक्रमा गोरखा नगरपालिकाका उपप्रमुख विना कुमारी श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।




वडा कार्यालयको समन्वयमा सोच नेपालले केहि समयअघिदेखि गरेको समुदाय अंकपत्र अन्तरगतका अध्ययन, अनुसन्धानको नतिजा समेत कार्यक्रममा सार्वजानिक गरेको छ । जसमा विद्यालयका राम्रा प्रयोग, सिकाई, अवसर, समस्या, चुनौती तथा सुधार गर्नुपर्ने

पक्षहरु समेटिएको थियो । समुदाय अंक पत्रको सहजीकरण गरेका समुदायिक अनुसन्धानकर्ता अब्जल मियाँका अनुसार विद्यालयको शैक्षिक गुणस्तरको मापनको अध्ययन विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, वडा समिति, स्थानीय नागरिक लगायतसंगको छुट्टाछुट्टै छलफल तथा स्थलगत अनुगमन र अनुसन्धानबाट गरिएको हो ।

बुधबार भएको सर्वपक्षिय आमने सामने बैठकमा विद्यालयमा देखिएका समस्याहरुलाई हल गर्न कार्ययोजना समेत निर्माण भएको प्रधानाध्यापक पुरुषोत्तम भट्टराईले जानकारी दिए । जसमा फोहोर मैला व्यवस्थापन, एउटै कक्षामा अत्याधिक विद्यार्थीको चापको व्यवस्थापन, गुनासो पेटिकाको प्रभावकारी कार्यान्वयन, लैगिंक हिंशासम्बन्धि सचेतनामूलक कार्यक्रमको निरन्तरता, दृष्टिविहिन विद्यार्थीका लाथि आवस्यक प्रविधी, खेल मैदानको उचित व्यवस्थापन, पुस्तकालय तथा कम्प्युटक कक्षाको उचित व्यवस्थापन, आगन्तुक पुस्तिकाको व्यवस्थापन, विद्यालय क्षेत्रमा घेराबार, शिक्षक तथा विद्यार्थीहरुका लागि आवस्यक आचार संहिताको बोर्ड स्थापना, गुनासो सम्बोधन लगायतका बिषयमा कार्ययोजना निर्माण गरि सोको कार्यान्वयनका लागि जिम्मेवारी समेत तोकिएको प्रअ भट्टराईले बताए ।




झण्डै डेढ समय अभिभावकहरुको भेलामा विद्यालयको शैक्षिक गुणस्तरलाई अभिबृद्धि गर्न र कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्न कोपिला अधिकारीको संयोजकत्वमा ५ सदस्यिय समिति समेत गठन गरिएको छ । जसमा वडा समितिबाट कल्पना नेपाली, व्यवस्थापन समितिका तर्फबाट राजेन्द्र खत्री, शिक्षकका तर्फबाट मेघनाथ लामिछाने र अभिभावकका तर्फबाट लिना श्रेष्ठ रहेको विद्यालयले जनाएको छ । कार्यक्रममा उपमेयर श्रेष्ठसहित वडाध्यक्ष कृष्ण बहादुर खत्री, शिक्षा शाखाका ध्रुवराज अर्याल, विव्यवसका पूर्वअध्यक्ष नारायण खत्री, सोच नेपालका जिल्ला प्रतिनिधी मोहसिन अलि मियाँ लगायतको उपस्थिती रहेको थियो । कार्यक्रममा विद्यालय सुधारका बारे अन्तरकृया समेत भएको थियो । एक हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने सो विद्यालय जिल्लाकै उत्कृष्ट विद्यालयका रुपमा समेत परिचित छ ।

## लक्षित बर्ग बजेट फ्रिज हुन नदिन कार्यविधि निर्माण गरिने

गत आर्थिक वर्षमा ओखलढुंगाको मोलुङ्ग गाउँपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रमका लागि आएको बजेट फ्रिज भएको कारण यसपाली उक्त शीर्षकको बजेटलाई फ्रिज हुन नदिन नीति तथा कार्यबिधी बनाएर हिउदेसभा मार्फत नै पास गर्ने गरी कार्य अगाडी बढाउने निर्णय भएको छ ।

जनवरी १७, २०२१ मा सोच नेपालको समन्वय तथा USAID/Fhi360 को वित्तिय सहयोगमा ओखलढुङ्गा जिल्लामा सञ्चालित नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत मोलुङ गाउँपलिकामा गठन भएको साझेदारी मञ्चको बैठकमा उक्त निर्णय भएको हो ।

मोलुङ गाउँपालिकाका अध्यक्ष मणिराज राईको अध्यक्षतामा सम्पन्न भएको बैठकले विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको छ ।
मोलुङ गाउँपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको बारेमा सोच नेपालले उपलब्ध गराएको नमूना ड्राफ्ट र त्यसलाई आउदो हिउदे गाउँसभा मार्फत पास गर्नका लागि दफावार छलफल गरेर अगाडी बढ्न गाउँ कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ ।

बैठकले मोलुङ गाउँपालिका भित्रका सामुदायीक विद्यालयका छात्रछात्राहरुको वर्षमा कम्तीमा दुईपटक स्वास्थ्य परीक्षण गर्नुपर्ने व्यवस्था भए पनि हाल सम्म उक्त अभ्यास नभएको ले आगामी पालिका स्तरिय स्वास्थ्य शाखा प्रमुख तथा विद्यालयका प्रधानाध्यापकहरुको बैठकमा निर्णय गराई पालिकावाट आवश्यक परिपत्र गराउनका लागि गाउँ कार्यपालिकाको बैठकवाट परिपत्र गर्न प्रस्ताव लैजाने समेत निर्णय गरेको छ ।

## सामुदायिक विद्यालय तथा सामुदायिक स्वास्थ्य चौकिको नागरिक निगरानी तथा अनुगमन सम्पन्न

सोच नेपालको समन्वय तथा USAID/Fhi360 को वित्तिय सहयोगमा ओखलढुङ्गा जिल्लामा सञ्चालित नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत सोच नेपालको अगुवाईमा जिल्लाका कृयाशिल नागरिक समाजका संस्थाका प्रतिनिधी तथा पत्रकारहरुको सहभागितामा चिशंखुगढी गाउँपालिका वडा नं.६ भदौरेमा रहेको छात्रप्रगती माद्यमिक विद्यालय र भदौरे स्वास्थ्य चौकीको अनुगमन कार्यक्रम सम्पन्न भएको छ ।

जनवरी ३१, २०२१ म भएको अनुगमनमा कान्तिपुर मिडियाग्रुपका ओखलढुङ्गा प्रतिनिधी एवम् कान्तिपुर दैनिकका उपसम्पादक कुम्भराज राई, गैसस महासंघ ओखलढुङ्गाका सदस्य शुशिल कार्की लगायतको अनुगमनका क्रममा सहभागीता रहेको थियो । अनुगमनका क्रममा **छात्र प्रगती माद्यमिक विद्यालय भदौर** सामुदायिक बिद्यालयमा विद्यार्थी संख्याको आधारमा डेक्स वेञ्चको अभाव, छात्र शौचालयको उचित व्यबस्थापन नभएको, कूल विद्यार्थी संख्या मध्ये अनुगमनका दिन झण्डै ३० प्रतिशत विद्यार्थी अनुपस्थित विद्यार्थी संख्या अनुसार छात्रा छात्रबृत्ति कम आएको भन्दै प्रतिव्यक्ति रु ४०० छात्रबृत्ति दिनुपर्नेमा प्रतिव्यक्ति ३३० मात्रै दिएको, विद्यालयका विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने नगरिएको तथा विद्यालयको नाममा एकधारा पानी नियमित आउने भएपनि त्यसको व्यवस्थित नगरिदा विद्यालयमा खानेपानी तथा शौचालयमा प्रयोग गर्ने पानीको समेत अभाव भएको लगायतका समस्या देखिएको थियो ।

उक्त समस्याको समाधानका लागि सम्बन्धित कार्यालयका प्रमुख तथा कर्मचारीहरुसँग छलफल समेत गरिएको थियो । छलफल पश्चात देखिएका समस्याका बारेमा आवश्यक पहल गर्ने समेत प्रतिबद्धता जनाईएको थियो ।

त्यस्तै **भदौरे स्वास्थ्य चौकी भदौरेको अनुगमनको क्रममा** स्वास्थ्य चौकीमा नेपाल सरकारले तोकिए बमोजिमको औषधी उपलब्धता नभएको, स्वास्थ्य चौकीमा एसविए तालिम प्राप्त एकजना मात्रै अनमी हुदा बर्थिङ सेन्टरमा सुत्केरी गराउ ल्याउदा पनि कहिले काहि अन्यत्र नै रिफर गरेको पाईएको । यसबारेमा नागरिकलाई जानकारी नहुदा सेवाग्राहीले दुख पाएको, स्वास्थ्य चौकीमा नियमित आउने पानीको ब्यबस्था नहुदा स्वास्थ्य चौकीमा सुत्केरी गराउन सेवा ग्राही आए आधा घण्टा टाढाबाट गाग्रीमा पानी बोकेर ल्याउनुपर्ने बाध्यता पाईएको, लक्षित वर्ग तथा किशोर किशोरी मैत्री एवम् गोपनियता कायम राख्ने कक्षको छुट्टै व्यबस्था गरेको नपाईएको लगायतका विषय रहेका थिए ।

अनुगमनका क्रममा देखिएका विद्यालय तथा स्वास्थ्य चौकीको कतिपय समस्यालाई आफूहरुले सल्टाउने विद्यालयका प्रधानाध्यापक शंकर प्रसाद घिमिरे तथा स्वास्थ्य चौकीका अहेव सन्दिप कुमार शाहले प्रतिबद्धता जनाउनुभएको थियो ।

## ओखलढुंगामा वालविबाह र लागूपदार्थको दुर्व्यसनि नियन्त्रणकालागि पैरवी संजालको ध्यानाकर्षण



ओखलढुङ्गामा गठन भएको नागरिक समाजका संस्थाका प्रतिनिधी तथा सञ्चारकर्मीहरुको साझा समूह जल्ला पैर वी सञ्जालले ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारीलाइ ध्यानाकर्षणपत्र बुझाएको छ ।

सञ्जालको गत मार्च १३, २०२१ बसेको बैठकले निर्णय गरे बमोजिम नागरिक समाजका संस्थाका प्रतिनिधी तथा पत्रकारहरुको साझा समूह जिल्ला पैरवी सञ्जाल ओ खलढुङ्गाले आईतवार दुईबुदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

ध्यानाकर्षण पत्र मार्फत ओखलढुङ्गामा पछिल्ला दिनहरुमा बालविवाहका घटनाहरुमा बृद्धि भएको भन्दै त्यसको न्युनिकरणका लागि आवश्यक कदम चाल्न ध्यानाकर्षण गराईएको छ । त्यस्तै पछिल्ला दिनहरुमा ओखलढुङ्गामा बालबालिका तथा किशोरकिशोरीहरुले लागूपद्वार्थ, धुम्रपान तथा मद्यपान गर्नेक्रम बढेको भन्दै त्यसको नियन्त्रणका लागि समेत ध्यानाकर्षण गराईएको छ । किशोरकिशोरीहरुले धुम्रपान तथा मद्यपानजन्य पद्धार्थको प्रयोग बढावा दिनुमा व्यापारी व्यबसायीहरु समेत जिम्मेवार रहेको भन्दै विद्यालय आसपासका क्षेत्र र बा( लबालिकाहरुलाई विक्रि वितरण गर्न नदिनका लागि आवश्यक कदम चाल्न समेत ध्यानाकर्षण गराईएको छ ।

ध्यानार्षण पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी बन्दना राईले पैरवी सञ्जालले बुझाएको ध्यानाकर्षण पत्रले आफुलाई सोचनिय बनाएको भन्दै आवश्यक कार्वाही प्रकृया तत्काल अगाडी बढाउने प्रतिबद्धता जनाउनुभयो । बालविवाहका घटना अन्य जिल्लाहरुमा झैं ओखलढुङ्गामा पनि समस्या कै रुपमा देखिएको भन्दै आफुले आवश्यक कदम चाल्ने र त्यसकालागि नागरिक समाज र पत्रकारहरुले समेत साथ र सहयोग दिन आग्रह गर्नुभयो ।

केहीदिन अगाडी सोच नेपालको समन्वयमा बसेको जिल्ला पैरवी सञ्जालको बैठकमा बालविवाह तथा लागूपद्धार्थ दुव्यसनी गर्नेको संख्यामा बृद्धि भएको भन्दै त्यसको नियन्त्रणका लागि आवश्यक कार्वाही प्रकृया अगाडी बढाउन प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराउने निर्णय गरेको थियो ।

## १११ औ अन्तराष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रम सम्पन्न

सोच नेपालले विभिन्न कार्यक्रमहरू आयोजना गरेर मार्च ८, २०२१ मा १११ औ अन्तराष्ट्रिय महिला दिवस मनाएको छ । सोच नेपालले विभिन्न राष्ट्रिय स्तरका संगठनहरूसँग गरी हरेक तह र तप्कामा महिलाको अर्थपूर्ण सहभागिता, सम्मानका साथै महिला विरुद्ध हुने हिंसाको सन्देश सहित प्ले कार्ड प्रदर्शन गरेर सामूहिक ऱ्यालीमा भाग लियो । ऱ्याली पश्चात महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको राष्ट्रिय स्तरको मुख्य समारोहमा सहभागिता जनायो । उक्त कार्यक्रम नेपालका राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीको अध्यक्षतामा आयोजित गरिएको थियो । कार्यक्रममा राष्ट्रिय लैंगिक समावेशीकरण नीति २०७७ गरिएको थियो ।





काठमाण्डौंमा भएको ऱ्यालि पश्चात भएको रभामा सम्बोधन गर्दै अधिकार कर्मिहरु

कार्यक्रममा मुख्य अतिथि माननीय प्रधानमन्त्री केपी ओली, बिभिन्न मन्त्रालयका मन्त्री, प्रतिनिधि सभा तथा प्रदेस सभा सदस्य, महिला र सामाजिक संसदीय समितिका अध्यक्ष, राष्ट्रिय महिला आयोग, विभिन्न मन्त्रालयका सचिव, अधिकार कर्मी, नागरिक समाज पत्रकार लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रम महिला अधिकार, समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा गरिएको उपलब्धिमा केन्द्रित थियो । सबै अतिथिहरूले आफ्नो मन्तव्यमा लैंगिक समानता र महिला बिरूद्ध सबै प्रकारको हिंसाको अन्त्य गर्न प्रतिबद्धता जनाए ।

त्यस्तै गोरखा जिल्लामा महिलाको अर्थपूर्ण सहभागितालाई प्रोत्साहित गर्न गोरखा नगरपालिका तथा महिला समूह / महिला अधिकारकर्मीहरू संगको सहकार्यमा महिला हिंसा बिरूद्धका सन्देशसहित ऱ्याली आयोजित गरेर मनाईयो । ऱ्याली २२ वटा महिला समुहको हयोगमा आयोजना गरिएको थियो ।



महिला दिवसको अवसरमा गोरखामा भएको अर्न्तक्रिया कार्यक्रम

ऱ्याली पछि, स्थानीय सरकारहरू, महिला समूहहरू, र महिला गतिविधिहरूको बीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो। अन्तरक्रिया कार्यक्रममा सहभागिहरुले स्थानीय सरकार, महिला समूह, मिडिया र विभिन्न सरोकारवालाहरुको भूमिकामा छलफल गरी निर्णय प्रक्रियामा महिलाको सार्थक सहभागितालाई प्रवर्द्धन गर्न जोड दिएका थिए ।



ओखलढुंगाको मोलुङ्ग गाउ पालिकामा गरिएको महिला दिवस कार्यक्रम

त्यस्तै ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिकाको पालिकामा अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अबसर पारेर दिप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ । मोलुङ गाउँपालिकाका उपाध्यक्ष हेम कुमारी तामाङको विशेष उपस्थितीमा पालिकाका विभिन्न वडाका

वडा अध्यक्ष, स्थानीय विभिन्न आमा समूहका सदस्यहरु, राजनितीक दलका प्रतिनिधीहरुले समेत सहभागीता जनाएको उक्त दिप प्रज्वलन कार्यक्रममा १११ औं अन्तराष्ट्रिय महिला दिवसको अबसर पारेर १११ ओटा नै दिप प्रज्वलन गरिएको हो ।



ओखलढुंगाको मोलुङ्ग गाउ पालिकामा महिला दिवसको अवसरमा गरिएको दिप प्रज्वलन

कार्यक्रमसँगै पालिका स्तरिय आमा समूह सञ्जाल मोलुङको आयोजना तथा सोच नेपाल र मोलुङ गाउँपालिकाको सहयोगमा पालिका भित्रका आमा समूहहरुको लोकगित प्रतियोगिताको समेत आयोजना गरिएको थियो । सहभागी समूहहरुले प्रतियोगितात्मक दोहोरी गित सँगै बढ्दो क्रममा रहेको बलात्कार, हिंसाजन्य घटनाको नियन्त्रणका लागि खबरदारी समेत गरेका थिए । गित मार्फत गाउँगाउँमा अझैपनि जनचेतनाको कमी रहेको भन्दै महिलाहरुलाई आत्म निर्भर बनाउने खालका कार्यक्रमहरु सञ्चालन गरे घरेलु तथा लैङ्गिक हिंसाका घटनामा समेत कमी आउने बताएका थिए ।

उक्त अवसरमा मोलुङ गाउँपालिका भित्र रहेर सानो उमेरमा नै श्रीमान् गुमाएका २५ देखी ३५ वर्ष उमेर समूह भित्रका १३ जना एकल महिलाहरुलाई श्रीमान् गुमाउदैमा सेतो लुगा लगाएर मात्र बस्न पर्दैन र समाजको कुसंस्कारलाई परिवर्तन गर्न साथ तथा प्रोत्साहनका लागि १३ जना एकल महिलाहरुलाई गाउँपालिकाका उपाध्यक्ष हेम कुमारी तामाङले दोसल्ला ओढाएर सम्मान गर्निभएको थियो ।

## Contact Details

**Society for Humanism (SOCH) Nepal**

**Battisputali-9, Kathmandu, Nepal**

**GPO Box No. 670,**

**Phone : + 977-01-4597168,**

**Email: sochnepal@gmail.com**

**Website : www.sochnepal.org**

**Management : Samjhana Pyakurel**

**Content : Rajendra Koirala , Mohasin Ali Miya, BN Shrestha**

**Design : Rajendra Koirala**